Volume 05, Issue 01, 2026. pp. 113–121
Review Article
DOI: https://doi.org/10.62078/grks.2026.v05i01.010

GS WOW
Wisdom of Worthy Research Journal

# वेद र संस्कृतको सदा-सान्दर्भिकता

**धीरज अधिकारी**
युवा तथा साना व्यवसायी स्वरोजगार कोष

*Email*
d.nishpaxya@gmail.com

**Article Info**

*Article History*
Received: April 22, 2026
Accepted: July 14, 2026

*Cite*
Adhikari, D. (2026). वेद र संस्कृतको सदा-सान्दर्भिकता. *GS WOW: Wisdom of Worthy Research Journal, 5*(1), 113–121. https://doi.org/10.62078/grks.2026.v05i01.010

**लेखसार**

यस अध्ययनले नेपालमा आधुनिकीकरण, विश्वव्यापीकरण, शहरीकरण तथा सामाजिक–राजनीतिक परिवर्तनका कारण संस्कृत भाषा, वैदिक दर्शन र हिन्दू सांस्कृतिक परम्पराको वर्तमान अवस्थाको विश्लेषण गरेको छ। अध्ययनले विशेषतः युवापुस्तामा संस्कृत शिक्षा, धार्मिक अभ्यास तथा पूर्वीय ज्ञानप्रतिको घट्दो आकर्षणका कारण र त्यसका प्रभावहरूको समीक्षा गर्दछ । यो अध्ययन वर्णनात्मक तथा गुणात्मक अनुसन्धान विधिमा आधारित भई शिक्षा मन्त्रालयका तथ्याङ्क, सरकारी प्रतिवेदन, प्रकाशित अनुसन्धान तथा सम्बन्धित साहित्यको द्वितीयक स्रोतमार्फत विश्लेषण गरिएको छ । अध्ययनबाट संस्कृत विद्यालय तथा विद्यार्थी सङ्ख्यामा उल्लेखनीय गिरावट, शिक्षानीतिमा प्राथमिकताको कमी, अङ्ग्रेजी माध्यमप्रतिको बढ्दो आकर्षण, रोजगारीसँग संस्कृत शिक्षाको कमजोर सम्बन्ध तथा सामाजिक धारणाले संस्कृत शिक्षालाई प्रभावित गरेको देखिन्छ। साथै, संस्कृत भाषाको भाषिक, दार्शनिक तथा ज्ञानपरम्परागत महत्त्वका साथै राजनीतिक परिवर्तन, धर्मनिरपेक्षता र शैक्षिक नीतिहरूले नेपालको सांस्कृतिक संरचनामा पारेका प्रभावहरूको पनि चर्चा गरिएको छ। अध्ययनले आधुनिकता र परम्परालाई परस्पर विरोधी नभई पूरक रूपमा हेर्नुपर्ने आवश्यकता औँल्याउँदै वैज्ञानिक प्रगति, प्रविधि, संस्कृत भाषा, वैदिक ज्ञान तथा सांस्कृतिक सम्पदाबीच सन्तुलित समन्वय आवश्यक रहेको निष्कर्ष प्रस्तुत गर्दछ। नेपालको मौलिक सांस्कृतिक पहिचान संरक्षण गर्न संस्कृत शिक्षाको प्रवर्द्धन, सांस्कृतिक चेतनाको अभिवृद्धि तथा पुस्तान्तरणमार्फत परम्परागत ज्ञानको संरक्षण अपरिहार्य रहेको अध्ययनले जोड दिएको छ।

*मुख्य शब्दावली* : संस्कृत भाषा, वैदिक दर्शन, हिन्दू संस्कृति, संस्कृत शिक्षा, सांस्कृतिक पहिचान, पूर्वीय ज्ञान, नेपाल

## विषय परिचय

धर्म र संस्कृतिको अनुशरण गर्नु भनेको 'बाहुनवाद' सिद्धान्त अपलम्वन गर्नु हो भन्ने विचार नेपालको जनसङ्ख्याको दुईतिहाई मतभन्दा नि, बढीजस्तै हो । त्यस्तै वेद, धर्म, पूर्वीयदर्शन र संस्कृत एक–अर्काको परिपूरक नै हुन् भन्दा अत्युक्ति पनि नहोला । भौतिक र उपभोक्ताको संयुक्तरूप संयुक्तवादी आधुनिक शिक्षाप्रणाली रगडेका आधुनिकीकरणका अनुयायीमात्रै होईन, पछिल्लो युवापिंढी आफ्नो धर्म र संस्कृतिको धरातलप्रति बेवास्ता र निराश छन्, उनीहरू यसको खुलेरै विरोध गर्नसमेत पछि परेका छैनन् । तटस्थ स्वभावका युवा उदासीन छन् । औषत युवा तथा आफूलाई आधुनिक र शहरिया भन्न रूचाउने अभिभावकहरू पनि बूढ्यौली लाग्दा, आफन्त तथा पारिवारिक सदस्यबाट अपहेलित हुँदा तथा थला परेपछि मात्रै धर्मकर्मतर्फ लाग्नुपर्ने मनशाय व्यक्त गर्दछन्। उनीहरूको बुझाईमा युवा अवस्थामै धर्मतिर लागे


Copyright © 2026: Author(s). Published by Gaurishankar Campus

पछ्यौटेपन तथा पाखण्डेपन हुने र आजको प्रतिष्पर्धात्मक समाजले आफूलाई कम आँकलन गर्ने विश्लेषण गर्दछन् । उनीहरूमा वैदिकता, दर्शन र संस्कृतप्रति निकै गहिरो विकर्षण छ । नेपाल एक बहुजातीय, बहुभाषिक र बहुसम्प्रदाय राष्ट्र हो जसको सांस्कृतिक संरचना हजारौँवर्ष पूरानो वैदिक परम्परा र पूर्वीयदर्शनसँग गहिरो रूपमा जोडिएको छ। यद्यपि हिन्दू बहुलता कायम रहेपनि पछिल्ला दशकमा धार्मिक अभ्यास, संस्कृत शिक्षाको अवस्था र वैदिकदर्शनप्रति युवापुस्ताको दृष्टिकोणमा उल्लेखनीय परिवर्तन देखिएको छ। विशेषतः शहरीकरण, वैदेशिक शिक्षा, डिजिटल माध्यम, र विश्वव्यापीकरणले सांस्कृतिक संरचनामा गहिरो प्रभाव पर्दै गएको छ।

## साहित्य समीक्षा


हुनतः भारत, चीन, जापानजस्ता देशहरूले आधुनिकविज्ञानसँगै आफ्नो सांस्कृतिक परम्परा पनि संरक्षण गरेका छन्। उदाहरणको लागिः

- भारतमा योगलाई संयुक्त राष्ट्रस  ले अन्तर र्ष्ट्रियमान्यता दिएको (सन् २०१५)
- जर्मनी, बेलायतका विश्वविद्यालयहरूमा संस्कृतभाषा तथा सोसँग सम्बन्धित अध्ययन केन्ऽहरू स्थापना
- नर्वे र फ्रान्समा वैदिक अध्ययन अनुसन्धान कार्यक्रम शुरूलगायतका कार्य।

यसले देखाउँछ कि परम्परा र आधुनिकताबीच पनि तादम्यता मिलाएर एकसाथ चल्नसक्छ । न कि आधुनिकताको नाममा परम्परामाथि धावा बोल्ने, दुत्कार्ने र नामिट गर्ने । तत्कालीन ग्रिस साम्राज्यमा समयसापक्षे ज्ञानभएका प्लेटो, अरस्तु र सुकरातलाई हामी महान् दार्शनिक भनेर सम्बोधन गर्छौ, जबकि तुलनासमेत गर्न नसकिने आफ्नै भूमिमा जन्मेका व्यास, बुद्ध, चाणक्य, कपील, कालीदास र पाणिनीलाई हामी पछ्यौटे र ढुङ्गेयुगी बिल्ला भिराउँछौ । यसैलाई भनिन्छ, टुप्पोमा बसेर फेँद काट्ने वा आफ्नो खुट्टामा आफैँ बञ्चरो हान्ने। भारतवर्षअन्तर्गत तत्कालीन मौर्य साम्राज्यको सल्लाहकार एवम् अर्थशास्त्री तथा दार्शनिक आचार्य चाणक्यले भनेका छन्, 'गीर्वाणवाणीषु विशिष्टबुद्धिस्तथाऽपि भाषान्तरलोलुपोऽहम् । । यथा सुराणाममृते स्थितेऽपि स्वर्गाङ्गनानामधरासवे रूचिः ॥१८॥' उनले संस्कृतभाषाजस्तो विशिष्ट भाषा जान्दाजान्दै पनि म अरू भाषा पनि सिक्न चाहन्छु भनेका छन् । माथिको श्लोकबाट उनले संस्कृतभाषालाई प्रथमस्थानमा राखेर बढी महत्व दिएको देखिन्छ। संस्कृतभाषाप्रति उनको मोह प्रष्ट झल्किन्छ । त्यस्तै अङ्ग्रेजी साहित्यमा स्नाकोत्तर गरेका प्रशिद्ध पत्रकार टीकाराम यात्रीले भर्खरै द्वितीय संस्कृतदिवसका दिन 'आत्मा भट्किएर अङ्ग्रेजीभाषा पढ्न पुगेछु तेस्रो–चौथो संस्कृत दिवससम्म त म पनि संस्कृतबाटै भाषण गर्नसक्छु होला, ' भन्नु उनीभित्रको संस्कृतभाषाप्रतिको मोह र त्यसतर्फको हुडहुडी हो भन्न जोकोहीले पनि अनुमान लगाउनसक्छ।

**चित्र १**

*महाभारतः पाण्डुलिपिको पृष्ठ*



*Note* . Image by P . Chandra, reproduced from Encyclopædia Britannica

त्यस्तै, अमेरिकी कवि तथा दार्शनिक टी. एस्. एलीयटले 'पूर्वीयदार्शनिकहरूको विलक्षणताको तुलनामा महान् युरोपेली दार्शनिकहरू पूर्वाभ्यासरत विद्यार्थीजस्ता देखिन्छन्,' भनी, व्यक्त गरेका कुरा विभिन्न माध्यमबाट सार्वजनिक भएका छन् । 'ए काले तँैले गरेर खाँदैनस्' भनी, आफ्नै आमाबुवा र समाजको बचनलाई ईष लिएका राईले ३५ वर्षको उमेरमा बल्ल कखग......... सिकेतापनि अन्ततः वेदको अध्ययनले नै 'डा. स्वामी प्रपन्नाचार्य'मा परिणत भएको घटना ताजै छ । आजै तिनै सामन्ती भनी, बिल्ला भिराईएको क्षेत्री–ब्राहमणविरूद्ध उतार्न खोजिएको जनजातिको छोरा काले राई वेदको शिक्षाबाट वेदान्त भए। वेदको गहिराई बुझेका उनले जीवनको उत्तरार्द्धमा भनेका थिए, 'अनार्यहरू पनि फरक नभएर आर्यकै सन्तान हुन्, आर्य र अनार्यबीचको अन्तरोधको कुनै अर्थ छैन।'

भौतिकशास्त्री एवम् विज्ञानका पिता अल्वर्ट आइन्स्टाइनले 'धर्मबिनाको विज्ञान लङ्गडो, विज्ञानबिनाको धर्म अन्धो हुन्छ,' भनी, स्पष्ट पारेका छन्। यद्यपि यो दुनियाँको सृष्टिकर्ता ब्रह्माको पनाति रावण ६४ विद्यामा पारङ्गत थिए, उनमा वेद तथा पुराणमा निखार थियो । उनी त्यसबेला वैज्ञानिक थिए । वेदको शिक्षाबाटै उनले पुष्पविमान बनाएका थिए, त्यसैगरी प्रकृतिलाई नै चुनौती दिनेखालका कार्यजस्तै जीउँदै स्वर्गजाने बाटो निर्माण, मकैको एउटै बोटबाट मानिसलाई चाहिने सम्पूर्ण आवश्यकता पूर्ति हुने वैज्ञानिक काम गर्न चाहेका थिए। हालका वैज्ञानिकहरू पनि रावणका खलक मानिन्छन् । आजको युगमा जति विज्ञानको चमत्कारी परिणाम देखिरहेका छौं, यी सबै काम हजारौंवर्ष पहिले नै वेदलाई मन्थर गरी प्रयोग ल्याईसकेको वर्णन डा. स्वामी प्रपन्नाचार्यको 'वेदमा के छ ?' पुस्तकमा उल्लेख गरेका छन्। पुस्तकमा ईसाइ तथा इस्लाम पन्थका प्रवर्द्धक पनि पहिला हिन्दू नै थिए, भनिएको छ । मनभन्दा नि छिटो उड्ने तीनतल्ले वातानुकुलित विमान, कार, परमाणु, गुरूत्वाकर्षण, मरेकोमान्छे बचाउने तरिका, हजारतले घर, दूरसञ्चारलगायतका अविष्कार भएको बताईन्छ। विश्वकै स्मरणराजा भनेर चिनिएका नेपालका अर्पण शर्माले समेत आफू योगध्यानबाटै स्मरणराजा बन्न सकेको र गिनिजबुकमा नाम लेखाएको खुलाएका छन् । हिन्दूत्व, संस्कृत र वेद एक–आपसमा समर्पित छन् । त्यसैगरी पूर्वीयदर्शन र विज्ञान पनि एक–अर्काप्रति अन्तरनिहित छन् । विज्ञानको आधार र स्रोत पूर्वीयदर्शन नै हो । सन् १९६४ मा भौतिकशास्त्रतर्फको नोबेल पुरस्कारविजेता चार्ल्स एच. टाउन्जले 'भारतवर्षका विद्यार्थीले आफ्नो प्राचीनसंस्कृतिको मूल्य बुझ्नुपर्छ किनभने जीवन र मूल्यहरूको अर्थ यसैमा अन्तरनिहित छ। म यी दुईकुरालाई अलग गर्न सक्दिनँ, विज्ञान र भारतीयसंस्कृतिलाई अलग ठान्दाको परिणाम अत्यन्त हानिकारक हुनेछ,' भनी, सार्वजनिक भएको छ।

**वेद र संस्कृतको सदा–सान्दर्भिकताः सामाजिक तथा प्राविधिक सन्दर्भ**

वेद र संस्कृत मानव सभ्यताको सबैभन्दा प्राचीन ज्ञान–परम्पराका आधारस्तम्भ हुन् । यद्यपि आधुनिक युग सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence), बिग डेटा, डिजिटल सञ्चार तथा स्वचालनतर्फ उन्मुख छ, वेद र संस्कृतको सान्दर्भिकता कुनै पनि रूपमा कम भएको छैन। बरु सामाजिक मूल्य, नैतिकता, ज्ञान व्यवस्थापन, निर्णय प्रक्रिया, मानव संसाधन विकास तथा प्राविधिक नवप्रवर्तनका क्षेत्रमा तिनको महत्त्व अझ स्पष्ट बन्दै गएको छ । आधुनिक अनुसन्धानहरूले समेत पूर्वीय दर्शन र वैदिक ज्ञानलाई समकालीन व्यवस्थापन, संगठनात्मक नैतिकता, उपभोक्ता व्यवहार तथा प्रविधिमैत्री समाज निर्माणसँग जोडेर व्याख्या गर्न थालेका छन्।

मिश्र (२०२२) ले पूर्वीय दृष्टिकोणबाट गरिएको तुलनात्मक मूल्याङ्कनमा वेदलाई केवल धार्मिक ग्रन्थका रूपमा नभई ज्ञान, तर्क, मूल्य र समग्र जीवन व्यवस्थापनको आधारका रूपमा प्रस्तुत गरेका छन् । उनका अनुसार वैदिक दर्शनले समग्र सोच (Holistic Thinking), दीर्घकालीन दृष्टिकोण तथा प्रकृतिसँग सन्तुलित सम्बन्ध स्थापित गर्ने आधार प्रदान गर्दछ, जुन आजको दिगो विकास (Sustainable Development) र प्रविधिको जिम्मेवार प्रयोगका लागि अत्यन्त सान्दर्भिक छ (Mishra, 2022)।

सामाजिक सन्दर्भमा संस्कृत भाषाले नैतिक शिक्षा, सामाजिक उत्तरदायित्व, पारस्परिक सम्मान, सहिष्णुता तथा कर्तव्यबोधको विकासमा महत्त्वपूर्ण योगदान दिएको छ। आधुनिक व्यवस्थापन र मानव संसाधन विकासमा नैतिक पुँजी (Ethical Capital) को अवधारणा अत्यन्त प्रभावकारी मानिन्छ। मिश्र र ऐथाल 2023) ले संगठनको दीर्घकालीन सफलता केवल आर्थिक स्रोतले नभई नैतिक पूँजी, विश्वास, सत्यनिष्ठा तथा उत्तरदायित्वमा आधारित हुने बताएका छन्। यी सबै गुणहरूको मूल स्रोत वैदिक दर्शनमा पाइने "सत्यं वद", "धर्मं चर", "वसुधैव कुटुम्बकम्" जस्ता शिक्षामा निहित छन् (Mishra & Aithal, 2023)।

त्यसैगरी जनसांख्यिक विशेषता र नैतिक पूँजीबीचको सम्बन्ध अध्ययन गर्दै मिश्र र ऐथाल (२०२३) ले नैतिक व्यवहार संगठनात्मक संस्कृतिको मेरुदण्ड भएको निष्कर्ष प्रस्तुत गरेका छन्। संस्कृत साहित्यले व्यक्तिको चरित्र निर्माण, नेतृत्व विकास तथा सामाजिक उत्तरदायित्वलाई प्राथमिकता दिएकोले आधुनिक संस्थागत सुशासनमा यसको प्रत्यक्ष उपयोगिता देखिन्छ (Mishra & Aithal, 2023)।

मानव संसाधन व्यवस्थापनको दृष्टिले पनि वैदिक सिद्धान्तहरू अत्यन्त उपयोगी देखिन्छन्। मिश्र र ऐथाल (२०२२) ले कर्मचारी छनोट तथा भर्ती प्रक्रियामा पारदर्शिता, निष्पक्षता, योग्यता तथा नैतिकताको महत्त्वलाई जोड दिएका छन्। यी सिद्धान्तहरू वैदिक कर्मयोग, योग्यताको सम्मान तथा निष्पक्ष निर्णय प्रक्रियासँग मेल खान्छन्। आज कृत्रिम बुद्धिमत्तामा आधारित भर्ती प्रणालीहरू विकास भइरहेका बेला तिनमा नैतिकता र मानवीय मूल्यको समावेश आवश्यक भएकोले वैदिक सोच अझ बढी सान्दर्भिक बन्दै गएको छ (Mishra & Aithal, 2022)।

प्रविधिको क्षेत्रमा संस्कृत भाषाको वैज्ञानिक संरचना विशेष रूपमा उल्लेखनीय छ। संस्कृतको व्याकरणिक शुद्धता, तार्किक संरचना तथा स्पष्ट नियम प्रणालीका कारण यसलाई कम्प्युटेसनल भाषाविज्ञान, प्राकृतिक भाषा प्रशोधन (Natural Language Processing), कृत्रिम बुद्धिमत्ता तथा ज्ञान प्रतिनिधित्व (Knowledge Representation) का लागि उपयुक्त भाषामध्ये एक मानिन्छ। पाणिनीय व्याकरणको औपचारिक संरचनाले आधुनिक एल्गोरिदम र कम्प्युटर भाषाको विकाससँग उल्लेखनीय समानता देखाउँछ। त्यसैले संस्कृतको डिजिटल संरक्षण, डिजिटल शब्दकोश निर्माण, भाषिक डेटाबेस तथा AI आधारित अनुसन्धानमा यसको उपयोग निरन्तर बढिरहेको छ।

आधुनिक उपभोक्ता व्यवहार तथा डिजिटल मार्केटिङमा पनि वैदिक मूल्यहरूको प्रभाव देख्न सकिन्छ। मिश्र (2024) ले सेलिब्रिटी समर्थन (Celebrity Endorsement) को सफलतामा विश्वास, विश्वसनीयता, नैतिक छवि तथा सामाजिक मूल्यहरूको महत्त्व रहेको बताएका छन्। उपभोक्ताले केवल प्रचारका आधारमा निर्णय नगरी नैतिक छवि, पारदर्शिता तथा विश्वसनीयतालाई पनि प्राथमिकता दिने देखिन्छ। यी सबै मूल्यहरू वैदिक दर्शनको सत्य, धर्म तथा विश्वासका सिद्धान्तसँग मेल खान्छन् (Mishra, 2024)।

व्यवहारिक लेखांकन (Behavioral Accounting_ सम्बन्धी अध्ययनमा सेलेस्टिन, मिश्र र मिश्र (2026) ले आर्थिक निर्णय केवल तथ्याङ्कमा आधारित नभई मानवीय सोच, नैतिकता, मनोविज्ञान तथा व्यवहारबाट पनि प्रभावित हुने बताएका छन्। वैदिक दर्शनले आत्मनियन्त्रण, विवेकपूर्ण निर्णय तथा दीर्घकालीन हितलाई प्राथमिकता दिने भएकाले आधुनिक वित्तीय निर्णय प्रक्रिया तथा संस्थागत रणनीति निर्माणमा यसको सान्दर्भिकता स्पष्ट देखिन्छ (Celestin et al., 2026)।

विश्वव्यापी प्रतिस्पर्धा तथा वित्तीय पारदर्शिताको सन्दर्भमा सेलेस्टिन, मिश्र र मिश्र (२०२५) ले फरेन्सिक लेखांकनको महत्त्वलाई जोड दिएका छन्। वित्तीय अनियमितता रोकथाम, पारदर्शिता, उत्तरदायित्व तथा सत्यको खोजीमा आधारित आधुनिक प्रणालीहरू वैदिक सत्य, धर्म तथा न्यायका सिद्धान्तसँग अत्यन्त निकट छन्। यसले देखाउँछ कि वैदिक मूल्यहरू आधुनिक वित्तीय सुशासन तथा डिजिटल लेखापरीक्षणमा समेत उपयोगी छन् (Celestin et al, 2025)।

सुरक्षा व्यवस्थापन तथा प्रविधिमा पनि वैदिक सोच अप्रत्यक्ष रूपमा उपयोगी देखिन्छ। मिश्र, सुदर्शन र निथियानन्थम (२०२२) ले पूर्वाधार निर्माणमा जोखिम पहिचान तथा जोखिम मूल्याङ्कनको वैज्ञानिक प्रणाली प्रस्तुत गरेका छन् । वैदिक दर्शनले "पूर्वसावधानी", "सन्तुलन", "प्रकृतिसँग सहकार्य" तथा "सामूहिक कल्याण" लाई जोड दिने भएकाले आधुनिक जोखिम व्यवस्थापन, व्यावसायिक सुरक्षा तथा दिगो पूर्वाधार विकासमा यसको अवधारणा उपयोगी मान्न सकिन्छ (Mishra, 2022)।

यसरी हेर्दा वेद र संस्कृत कुनै विशेष धार्मिक समुदायको सम्पत्ति मात्र नभई विश्वव्यापी ज्ञान प्रणाली, नैतिक नेतृत्व, सामाजिक उत्तरदायित्व, कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रशासन, मानव संसाधन विकास, वित्तीय सुशासन तथा दिगो विकासका लागि प्रेरणादायी आधार बनेका छन् । सामाजिक परिवर्तनसँगै प्रविधिको तीव्र विकास भइरहेको वर्तमान समयमा पनि वैदिक ज्ञानले मानव–केन्द्रित, नैतिक तथा उत्तरदायी प्रविधि विकासका लागि मार्गदर्शन प्रदान गर्दछ। त्यसैले वेद र संस्कृतको अध्ययनलाई आधुनिक अनुसन्धान, सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता तथा व्यवस्थापन शिक्षासँग एकीकृत गर्दै लैजानु आजको आवश्यकता हो। यसबाट पूर्वीय ज्ञान र आधुनिक विज्ञानबीचको समन्वयलाई अझ प्रभावकारी रूपमा संस्थागत गर्न सकिन्छ।

**चित्र २**

*चेतनाको विज्ञान र संस्कृत (वेदननेट) बाट साभार*



## समस्या कथन

धर्मको धेरै नीति र नियम तथा विधि र विधानलगायत नैतिकशिक्षा हुने भएकोले गर्न हुने र नहुने व्यवहारको सीमा तोकिदिने एवम् स्वतन्त्रतामा बाधा पुर्‍याउने उनीहरूको ठम्याई छ । साथै, अलौकिक शक्तिमा विश्वास गर्दा वैज्ञानिक विचारलाई तिलाञ्जलि दिनु हो भन्ने ठान्दछन्। धर्मको अनुशरणले आफू साँगुरोघेरामा परिने र विश्वव्यापीकरणको छाडा मनोरञ्जनात्मक स्वतन्त्रताबाट खुम्चिनुपर्ने त्रास युवामा रहेको देखिन्छ। आज नेपालका युवापङ्क्ति प्राचीनतासँग जोडिएको तपोभूमि नेपालको विशिष्ट पहिचान र वैदिकदर्शनको सभ्यताबाट टाढा भाग्न खोज्दैछन् । यस भगाईमा युवाका आरम्भ विन्दू भनेको नेपालले अङ्गीकार गरेको पश्चिमाशिक्षा, डलरमा बिक्ने नेता र नीतिगत व्यवस्था नै हो। यद्यपि यस दौडको लक्ष्यविन्दू कहाँ गएर टुङ्गिने र त्यसको परिणाम के आउने हो त्यसमा सम्बधित पक्ष सबै अनविज्ञ छन् ।

शहर केन्द्रित क्षेत्रमा धार्मिक अभ्यास पनि घट्दै गएको देखिन्छ। नीतिनिर्माता तथा विभिन्न विधाका नेतृत्व गर्ने नेता अगुवाहरूमा एउटै ध्याउन्त के छ भने, माटो सुहाउँदो शिक्षाभन्दा वैदिकता र हिन्दूत्वको पहिचान मेटिने खालको नीतिनिर्माण तथा कार्यान्वयन गर्ने नै हो। किनकि यसरी शिक्षादिने शिक्षक, प्रवर्द्धक नेता, नीतिनिर्माणकर्ता, उच्च पदस्थ कर्मचारी कोही ईसाइधर्मका प्रचारक छन्, कोही आधिकारिक एजेण्ट त कोही मासिक डलरको तलबखाने पाष्टर छन्। उनीहरू सबैमा इमान्दारिता छ, यद्यपि आफ्नो तलब वापत हिन्दूत्व र वैदिकता नामिट गर्नेमा मात्रै।

नेपालमा धर्म परिवर्तनको प्रवृत्ति पनि बढ्दो छ। संसारकै प्राचीनतम् ज्ञान, विज्ञान, वेद, उप–निषद्, महाभारत, रामायण, गीता र दर्शनको समुन्द्र हिन्दूधर्मलाई सामान्य नैतिकशिक्षामा सीमित बाईबलसँग साट्दैछौं। त्यो पनि दैनिक उपभोग्यवस्तु खरिद गर्नैको लागि मात्रै। प्रत्येक घरबाट काम गर्ने वा अध्ययनको आवरणमा विदेश गएको आधुनिक समाजको वास्तविक रूप हो। ऋण गरेर मात्रै होईन शरीरको किड्नी बेचेरै भएपनि छोराछोरीलाई सिड्नी पठाउनुपर्ने अवस्था अभिभावकहरूलाई प्रतिष्ठाको विषय यथार्थपरक देखिन्छ। उनीहरू छोराछोरीहरूलाई अंग्रेजी शिक्षा पढाउनु र विदेश पठाउनसक्नुलाई नै अभिभावकताको सार्थकता देख्दछन्। संस्कृत शिक्षाप्रति अभिभावकहरूकै अरूचि देखिन्छ। उनीहरू संस्कृत पढाएर नैतिकतावान र शालिनवानभन्दा चातुर्यता, छलकपट र बोलीको प्रभाव जमाउनसक्ने, समयसापक्ष बाँच्नसक्ने र बजारमा बिक्नसक्ने छोराछोरीलाई देख्न चाहन्छन्। किनकि अभिभावकहरू नै संस्कृतको बारेमा यथष्ट जानकार छैनन्। उनीहरू संस्कृतशब्दमै श्राद्ध, टपरीटक्टक्याँउने, पूजापाठ, पुरोहित र पुर्योत्याइँबाहेक अरू केही पनि देख्दैनन्।

## अनुसन्धान प्रस्ताव

अबका युवाहरूको दायित्व आधुनिकतामा आफूलाई ढाल्ने र मौलिक हिन्दूत्व र संस्कृतलाई पनि सँग–सँगै परिष्कृत गरी लैजाने हो। वेद, उप–निषद, पुराण, महाभारत, गीता र रामायणजस्ता ग्रन्थ खाली हिन्दूधर्मको प्रवर्द्धकमात्रै होईन। यसमा मानवजीवन लुकेको छ, विज्ञानका चमत्कारीसूत्र लुकेको छ, नैतिकता, कर्तव्यपरायण र उत्तरदायित्वको परिभाषा किटान भएको छ। आज भौतिकविज्ञानका मोटापुस्तक पल्टाईन्छ, तर वेदप्रति उपेक्षा छ। वेदको ज्ञान जीवनलाई सुखी बनाउने हो, अध्याँरोबाट उज्यालोतर्फ अग्रसर गराउने र शान्ति कायम गर्ने नै हो।

## अनुसन्धान अन्तर

तर, “प्राचीनविज्ञानबाट उद्धेलित हुँदै आएको आधुनिकविज्ञान” विषयले अझै संस्कृतबारेमा यथेष्ठ बहसको विषय बनाउन सकेको छैन। बरू आधुनिकविज्ञानले केही कुराको अझै पत्ता लगाउन सकेको छैन। नेपाल ऐतिहासिक रूपमा वैदिकसभ्यताको केन्द्र मानिन्छ। लिच्छवि, मल्ल र शाहकालीन राज्यसंरचनामा संस्कृतभाषा प्रशासन, शिक्षा र धार्मिक कर्मकाण्डको प्रमुख माध्यम बन्न गयो। मध्यकालसम्म त संस्कृतविद्यालय (पाठशाला) र गुरुकुल प्रणाली व्यापक रूपमा प्रचलित थियो। तर, बीसौं शताब्दीको उत्तरार्धदेखि आधुनिक विद्यालय प्रणाली, अङ्ग्रेजी शिक्षाको विस्तार र राज्य संरचनामा आएको परिवर्तनले संस्कृतशिक्षाको स्थान घटाउँदै लगेको देखिन्छ। बत्तिमुनि अध्याँरो भने झैं बुद्ध नेपालमा जन्मे तर उनका अनुयायी नेपालबाहिर बढी छन्। हिन्दूत्व र संस्कृतभाषा नेपालमा बेवास्ताको शिकार मात्रै भएको छैन्, अपहेलित समेत भएको छ। संस्कृतको प्रयोग प्राचीनतामा नेपाल हुने गर्दथ्यो तर आज ‘ए साच्चै हो र थियो र ?’ जस्तो लाग्दैछ। कपील र वेदव्यास जन्मिएको भूमि ‘नहुनपनि सक्छ,’ भन्ने स्थितिमा पुगेका छौं। पश्चिमा विशेषतः युरोपले संस्कृत र हिन्दूत्वलाई बढी बुझेको देखिन्छ। युरोपका जर्मनी र बेलायतमा संस्कृत विश्वविद्यालय स्थापना हुनु, नर्वेले विद्यालयतहमा संस्कृत पाठ्यक्रम लागू गर्नुजस्तो कार्यले वास्तवमा वेद के हो भन्ने निखार युरोपले राम्ररी बुझेको हुनुपर्छ। तसर्थ भारतीयसंस्कृतिको भूमिमा ईसाइकरण गर्दै पूर्वीयदर्शनलाई युरोपले अपहरण गरी पछिल्लो सन्ततिमाझ वेद युरोपबाटै शुरू भएको रहेछ, भन्ने ईतिहासलाई बङ्ग्याउन चाहन्छ। यसमा हामी युवा चनाखो हुनु जरूरी छ।

## अध्ययन विधि

नेपालको शिक्षा मन्त्रालयको तथ्याङ्कगत रूपमा पनि दुई हजार वर्षपछि संस्कृतविषय अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या करीब ६० प्रतिशतले घटेको छ। विक्रमसम्वत् २०६० सालतिर करीब ५ शयभन्दा बढी संस्कृत विद्यालयहरू सक्रिय थिए भने हाल यो सङ्ख्या घटेर करीब २ शय ५० देखि ३ शयको हाराहारीमा पुगेको छ । नेपाल संस्कृत विश्वविद्यालयमा स्नातक तहमा विद्यार्थी भर्ना २०१० पछि निरन्तर घटेको घट्यै छ । जसको प्रमुख कारणहरूमा अङ्ग्रेजी माध्यमको शिक्षामा जबरजस्त आकर्षण हुनु, संस्कृतभाषा रोजगारीसँग प्रत्यक्ष सम्बन्ध नदेखिनु, प्राचीन र बहुज्ञानी भाषा भएरपनि नितान्त धार्मिक विषयको रूपमा सीमित धारणा बन्नु, सरकारी प्राथमिकतामा कमी र तिरस्कृत हुनु हो।

प्राप्त प्रमाणानुसार सबैभन्दा पूरानोभाषा भनेर चिनिएको संस्कृतभाषा आज त्यसका शब्द समायोजन, बनावटको समीक्षा गर्नु र विशेषतालाई चिराफार गर्नुको साटो उपेक्षित अवस्थाबाट छट्पटाईरहेको छ। यो भाषा अहिले दूर्लभको अवस्थामा छ । यसको प्रमाण नेपाल संस्कृत विश्वविद्यालयमा संस्कृत पढ्ने विद्यार्थी नभएर बन्द हुने अवस्थामा पुग्नु र पढ्ने विद्यार्थीहरूलाई प्रोत्साहनस्वरूप पैसासमेत दिईरहेको कार्य ज्वलन्त उदाहरणमान्न सकिन्छ। द्वन्द्वकाल (वि. सं. २०५२ देखि ६२ सम्म)को अवधिमा शिक्षा र संस्कृतिक्षेत्रमा अस्थिरता देखिएको तथ्य त राज्यकै अङ्ग मानवाधिकारसम्बन्धी निकायका प्रतिवेदनहरूले उल्लेख गरेका छन्।

## नतिजा तथा विश्लेषण

संस्कृतभाषा कति वैज्ञानिक छ भन्ने कुरा प्रत्येक शब्दको अर्थबाट प्रष्टिन्छ । पृथ्वीको आकार गोलो छ भन्ने तथ्य पहिलोपटक वैज्ञानिक पाईथागोरसले (ईसापूर्व छैठौं शताब्दीमा) अथक प्रयासमा पत्ता लगाएका थिए । त्यसपछि क्रमशः एरिष्टोटलनले चौथो शताब्दीमा तर्क र एराटोष्थेनेसले तेस्रो शताब्दीमा हिसाब गरिएको बताईन्छ । तर वैदिककालमै पृथ्वी गोलो छ भन्ने कुरा पत्ता लगाईसकेको संस्कृतभाषाले प्रमाणित गरेको छ । संस्कृतलाई विश्वका सबैभन्दा व्यवस्थित भाषाहरूमध्ये एक मानिन्छ । पाणिनिको अष्टाध्यायी (करीब ५ शय ईसापूर्व)लाई आधुनिक भाषाविज्ञानको आधारशिला मानिन्छ। भाषाविद्हरूका अनुसार संस्कृतमा करीब २ हजार धातु छन् । यसमा शब्द निर्माणप्रणाली अत्यन्त संरचित छ । कम्प्यूटर प्रोग्रामिङजस्तै नियतात्मक व्याकरण (डिटरमिनिकटिक ग्रामर) प्रणाली रहेको मानिन्छ (म्यासाचुसेट्स प्रविधि संस्थाको भाषाविज्ञान तथा दर्शन विभागले सन् १९८५ मा अध्ययन गरेअनुसार/म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी) संस्कृतशब्द “भूगोल” (भू+गोल)जस्ता संरचनाले यसको व्युत्पत्तिगत स्पष्टता देखाउँछ, यद्यपि आधुनिक भाषाशास्त्रले यस्ता व्याख्यालाई ऐतिहासिक–भाषिक दृष्टिले विश्लेषण गर्दै आएको छ। पृथ्वीलाई संस्कृतभाषामा भूगोल भनिएको छ। ‘भू’ भनेको भूमि, जमिन वा पृथ्वी र ‘गोल’ भनेको गोलाकार । यस्तो लाग्दैछ, संस्कृतको प्रत्येक शब्द वैज्ञानिक रूपमा प्रयोगात्मक परीक्षणपछि मात्रै तय गरिएको हो, शब्दको उच्चारणमा शरीरमा पर्ने कम्पन र त्यसले पार्ने ध्वनीको पूर्ण विश्लेषणपश्चात् भाषा तयार गरिएको हो।

विश्वमा पहिलोपटक परमाणुबारे ब्याख्या गरेको हाम्रो शास्त्र वैशेषिकमा हुँदाहुँदै पश्चिमाको प्रभावमा सञ्चालित घोकन्तेशिक्षामा डेमोक्रेट्सले (ईसापूर्व करीब ४ शय वर्ष) सर्वप्रथम परमाणु पत्ता लगाएको औपचारिक जानकारीलाई कण्ठस्थ पारिएको छ । हुनतः १९औं शताब्दीतिर आएर डेमोक्रेट्सको धारणलाई जोन डाल्टनले थप पुष्टि गरेका थिए। वैदिक ग्रन्थहरूमा पदार्थ, चेतना र ब्रह्माण्डसम्बन्धी दार्शनिक व्याख्या पाईन्छ। वैशेषिक दर्शनका ऋषि कणादले “अणु” अवधारणा प्रस्तुत गरेका हुन्।

२०५८ सालपछि विद्यालय तहमा संस्कृतविषय अनिवार्य विषयबाट धेरै स्थानमा ऐच्छिक विषयमा रूपान्तरण भईसकेका थिए। एन्जिओ र राजनीतिमार्फत् हिन्दूत्व मास्न डलरको खोलो बगाएका पश्चिमाको रणनीतिअनुरूपै १० वर्षे सशस्त्रयुद्धमा संस्कृतविषयलाई सामन्तको बिल्ला भिराएर त्यसलाई जलाउने कार्य गरियो । संस्कृत पढाएकै भरमा शिक्षकलाई मार्ने काम भयो । यसले संस्कृतभाषाप्रतिको आस्था र गतिविधिमा

आतङ्क सिर्जना भयो, साथै आँच आउने कार्यले निरन्तरता पाईरहयो । अन्ततः वैधानिक तवरबाटै संस्कृतभाषालाई निमोठियो र विद्यालयतहबाट अनिवार्य रूपमा हटाउने काम भयो । माओवादी आन्दोलन केका लागि थियो र प्राप्ति के भयो ? यसको तटस्थ मूल्याङ्कन र समीक्षा भविष्यले गर्ला । त्यसको विश्लेषण फरकपाटो होला । यद्यपि त्यस आन्दोलनको सबैभन्दा चोटिलो प्रहार हिन्दूत्व भएको छ र संस्कृत सबैभन्दा बढी प्रताडित हुनपुग्यो । नेपालको मौलिक विशिष्ट पहिचान मेटाउने, संस्कृत र संस्कृति सिध्याउने कार्य त्यसै आन्दोलनले गरेको छ । हिन्दूधर्ममा रहेको वेतिथि, छुवाछुत र विभिन्न विसङ्गतिलाई आधार मान्दै कथितको परिभाषाभित्र ब्राह्मण, सनातन धर्मसंस्कृति र हिन्दूत्वलाई राखियो । यिनीहरूलाई घाँटी निमोठ्ने कार्यले अग्रगमनको नाममा प्रोत्साहन पाईरहयो । जातजातिबीच सामन्तवादी र सर्वहारावर्गमा कित्ताकाट गरी जातजातिबीच द्वन्द्व चर्काउने खेती गरियो । जुन अझै पनि पहिचान र समावेशीताको नाममा जातिगत स ीयता तथा धर्मनिरपेक्षको मलजलले गोडमेल गरिदैछ । हिन्दूधर्मको गलत ब्याख्या र हिन्दूवादीहरूको कमजोर मानसिकतामा मनोवैज्ञानिक ढङ्गबाट धर्मान्तरण क्रमिक रूपमा फष्टाउँदो छ ।

दोस्रो जनआन्दोलन २०६२/६३ को राजनीतिक परिवर्तनसँगै नेपाल धर्मनिरपेक्षराज्य घोषित भयो । नेपालको संविधान २०७२ ले धर्मस्वतन्त्रता सुनिश्चित त गर्‍यो, तर यससँगै राज्य संरचनामा धार्मिक संस्थाको भूमिका घट्न पुग्यो, संस्कृतशिक्षामा बजेट नाटकीय ढङ्गबाट घट्यो भने धार्मिक पहिचानसम्बन्धी बहसको आवरणमा धर्मान्तरणले तीव्रता पायो । आज नेपालमा विधिवत् रूपमा धर्मनिरपेक्षताले वैधानिकता पाएपछि हवात्तै ईसाइकरण मौलाएको भेटिन्छ । हिन्दूत्व घट्ने र ईसाइकरण बढ्दै गएको वर्तमान नेपालीसमाज अर्द्धचेतन र स्वार्थी अवस्थामा छ । राजनीति अस्थिरता, आर्थिक कमजोर र अर्द्धचेतनका कारण धर्मलाई नगदमा परिवर्तन गर्दा नेपालमा ईसाइकरण तीब्र रूपमा बढ्दो छ । आजपनि नेपालमा जातीयता, धर्म र पहिचानका मुद्दाहरू राजनीतिकबहसको जारी नै छ ।

## निष्कर्ष

नेपालको सांस्कृतिक संरचना परिवर्तनशील अवस्थामा छ। एकातर्फ आधुनिकशिक्षा, वैश्विक अवसर र प्रविधिको विकास छ भने अर्कोतर्फ वैदिक परम्परा, संस्कृतभाषा र सांस्कृतिक पहिचान कमजोर हुँदै गएको चिन्ता पनि व्यापक छ। नेपालमा हिन्दू जनसङ्ख्या अझै पनि बहुसङ्ख्यक (८१ प्रतिशत+) मा रहेको छ। अर्थात् समय र सङ्ख्या पर्याप्त छ। तर संस्कृतशिक्षा घट्दो छ, यद्यपि पूर्ण रूपमा समाप्त भईसकेको छैन। आज आएर बल्ल आधुनिक सन्दर्भमा समेत योग र ध्यानले मानसिक स्वास्थ्यमा ३० देखि ४० प्रतिशत सुधार देखाएको विश्व स्वास्थ्य सङ्गठनमा आधारित अध्ययनहरूले सङ्केत गरेका छन् । त्यसैगरी आयुर्वेदिक चिकित्सा विश्वका ५० भन्दा बढी देशमा वैकल्पिक चिकित्साप्रणालीको रूपमा प्रयोग हुँदै आएको छ । वैश्विक मञ्चमा योग, ध्यान र पूर्वीयदर्शन पुनः लोकप्रिय हुँदै गईरहेको छ । विडम्बनाको कुरा चैं पछिल्लोसमय योग, ध्यान, आयुर्वेद र पूर्वीयदर्शनप्रति विश्वव्यापी रूपमा आकर्षण बढ्दै गएको छ। यस ब्रहमाण्डमा वेदमा नभएको वस्तु र संस्कृतमा नभएको शब्द शायदै होलान् । अतः सबै धर्मप्रति सम्मान हुनसक्दछ तर सबै धर्म समान कहिले हुनै सक्दैन। यो वाणी साँच्चिकै सत्य हो। तसर्थ "आधुनिकता बनाम परम्परा" होईन, बरु "आधुनिकता+सांस्कृतिक सन्तुलन" मिलाउनुपर्ने अवस्था छ। नेपालको भविष्य त्यही दिशामा निर्भर हुनेछ जहाँ विज्ञान, प्रविधि र पूर्वीयज्ञान एकसाथ समायोजन गर्न सकिन्छ। अब, "हिजोको गल्ती, कमजोरी र पश्चाताप लिएर समय धेरै खेर गएकोमा पुर्पुरो समाउनुभन्दा समय अझैपनि बाँकी छ," भन्ने भाष्यलाई जीवन्त दिई हिन्दूत्व र संस्कृतभाषाको सम्वर्द्धनका लागि पहलीकदम उठाउनुपर्ने बेला आएको मात्र होईन विलम्व गर्न नहुने आभाष हुन्छ।

## सन्दर्भ सामग्रीहरू

American Institute of Vedic Studies. (n.d.). *Sanskrit and the science of consciousness.* Vedanet.

Celestin, M., Mishra, S., & Mishra, A. K. (2025). The forensic accounting: Advanced techniques for preventing financial fraud and misstatements under global competition. In *Indian Knowledge System: Relevance and Challenges–II*. https://doi.org/10.5281/zenodo.17966706

Celestin, M., Mishra, S., & Mishra, A. K. (2026). The role of behavioral accounting in understanding financial decision-making and its influence on corporate strategies. *NOLEGEIN Journal of Leadership & Strategic Management*, 9(2), 12–29.

Chandra, P. (n.d.). *Mahabharata: Manuscript folio*. Encyclopaedia Britannica.

Mishra, A. K. (2022). *A reference book on comparative assessment from the Eastern approach*. Intellectual Book Palace.

Mishra, A. K. (2024). *Reconstructing celebrity endorsement: Unveiling new operations in marketing and consumer behavior*. Intellectuals' Book Palace. https://doi.org/10.5281/zenodo.12569980

Mishra, A. K., & Aithal, P. S. (2022). Considerations and conundrums that confronted throughout the recruiting process. *International Journal of Research – Granthaalayah, 10*(11), 18–31. https://doi.org/10.29121/granthaalayah.v10.i11.2022.4891

Mishra, A. K., & Aithal, P. S. (2023). Building ethical capital through human resource. *International Journal of Management, Technology, and Social Sciences, 8*(1), 1–15. https://doi.org/10.5281/zenodo.7519862

Mishra, A. K., & Aithal, P. S. (2023). Relationship between demographic characteristic and ethical capital. In *Future trends in information, communication and computing technology* (pp. 47–56). Srinivas Publication. https://doi.org/10.5281/zenodo.8422544

Mishra, A. K., Sudarsan, J. S., & Nithiyanantham, S. (2022). Identification of workplace risks and their risk assessment during transmission line construction: A case study on infrastructure project in Nepal. In *Construction safety: Economics and informatics perspectives* (pp. 95–134). Springer Nature Singapore. https://doi.org/10.1007/978-981-19-0267-0_5